# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, मंसीर २८ गते २०३३ साल**

श्री ५ को सरकार

**उद्योग तथा वाणिज्य मन्त्रालयको**

**सूचना**

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

नेपाल अधिराज्यबाट मालसामान निकासी गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यापारिक फर्महरूले आफूले पाएको बोनसबाट देहायबमोजिम माल बस्तुहरू देहायबमोजिम पैठारी गर्न पाउने गरी नेपाल अधिराज्यभर लागू हुने गरी नियन्त्रण गरिएको छ।

(क) कमसेकम १० प्रतिशतसम्म पैठारी गर्नुपर्ने बस्तुहरू:–

क–१ धातु तथा धातुहरूको मिश्रणबाट बनेका प्रशोधित वा अर्ध–प्रशोधित सामानहरू (तार, जाली, डण्डी, पाता, छड, पाइप, नली आदि)

क–१–१ फलाम तथा इस्पात (स्टेनलेस स्टिल सिट्सको हकमा श्री ५ को सरकारबाट पैठारी परिमाण स्वीकृत गरेबमोजिम मात्र)

क–१–२ कर्कट पाता र टिन

क–१–३ तामा, पित्तल, आल्मुनियम, जस्ता, शिशा तथा अन्य धातुहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क–२ फलाम, तामा र अन्य धातुहरूको धाउ तथा फलाम, इस्पात र अन्य धातुहरूको टुक्रा टुक्री, खाली टिन र ड्रम

क–३ प्लाष्टीक र ग्लासको पाता, नली, पाईप

क–४ हार्डवेयर (किला, काँटा, स्क्रू, छिस्कनी, ताला आदि)

क–५ ढक तराजु र सेफ

क–६ निर्माण तथा निर्माण व्यवसाय निमित्त चाहिने मेशीनरी, औजार तथा तिनका पार्टपूर्जाहरू

क–७ उद्योगको निमित्त चाहिने मेशीनरी, औजार तथा तिनका पार्टपूर्जाहरू

क–८ कृषि व्यवसाय (खेती, पशुपालन, कुखुरा, हाँस पालन, मत्स्य पालन, रेशम कीरा, मौरी पालन आदि) को निमित्त चाहिने मेशीनरी, औजार तथा तिनका पार्टपूर्जाहरू

क–८–१ खेतीको लागि चाहिने मेशीन र औजारहरू

क–८–२ ट्रेक्टर

क–८–३ ट्यूववेल र पम्पसेट

क–८–४ औषधि छर्ने यन्त्र

क–८–५ अन्य

क–९ सेवा र ससाना व्यवसाय (सिकर्मी, नकर्मी, डकर्मी, अवाले, सूचिकारी, हजाम, सार्की, डाक्टरी, छापा, वर्कशप (मर्मत सेवा) आदी) को निमित्त चाहिने मेशीनरी, औजार तथा तिनका पार्टपूर्जाहरू।

क–९–१ सिउने कल, सियो, सेप्टीपिन, कैंची, सिलाई मेशीन तेल

क–९–२ मोजा बुन्ने, स्विटर बुन्ने कल

क–९–३ रेशा र छालासम्बन्धी काम गर्ने यन्त्र र औजारहरू

क–९–४ कपाल काट्ने मेशीन र औजारहरू

क–९–५ काठ काट्ने र चिर्ने यन्त्र र औजारहरू

क–९–६ छाप्ने मेशीन, टाइप (अंक, अक्षर र चिन्ह) र यन्त्रहरू

क–९–७ डाक्टरी औजार र सामानहरू, सर्जिकल औजारहरू, एक्सरे फिलम, पेपरहरू र प्लेटहरू

क–९–८ रंग रोगन लगाउने ब्रुस र सामानहरू

क–९–९ कपडा बुन्ने तान र यन्त्रहरू

क–९–१० धातु र माटोको भाँडावर्तन बनाउने यन्त्र र औजारहरू

क–९–११ धातु काट्ने यन्त्र र औजारहरू

क–९–१२ कपडा बुन्ने तान, मेशीन र औजारहरू

२८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क–९–१३ धान, गहुं, तेल पेल्ने र पिध्ने मेशीनहरू
क–९–१४ मोटर, ट्रक, बस, साइकल, रेडियो, घडी, कल, मेशीन आदिको मर्मत व्यवसायीको निमित्त चाहिने यन्त्र र ज्यावलहरू
क–९–१५ ह्याते यन्त्र र ज्यावलहरू
क–९–१६ अन्य

क–१० खानीसम्बन्धी काम गर्ने यन्त्र र औजारहरू तथा तिनका पार्टपूर्जाहरू

क–११ वैज्ञानिक र ल्याबोरेटरीसम्बन्धी सामान तथा औजारहरू र तिनका पार्ट–पूर्जाहरू

क–१२ विद्युत शक्ति उत्पादन र वितरण गर्ने सरसामान र यन्त्रहरू तथा तिनका पार्टपूर्जाहरू
क–१२–१ जेनरेटर, ट्रान्सफरमर, अल्टरनेटर, इलेक्ट्रीक मोटर आदि
क–१२–२ बिजुलीको तार, मिटर, स्वीच प्लग आदि
क–१२–३ बिजुलीमा काम गर्ने ज्यावलहरू

क–१३ यातायातका साधन र तत्सम्बन्धी सामान र पार्टपूर्जाहरू (टायर, ट्यूव र फलेप्स समेत)
क–१३–१ जीप, स्टेशन वाइगन
क–१३–२ बस, मिनीबस, ट्रक, लहरी
क–१३–३ स्कूटर, मोटरसाइकल (हेलमेट समेत)
क–१३–४ चेसीस इन्जिन, ट्रेलर
क–१३–५ साइकल, रिक्सा, ठेलगाडी
क–१३–६ मोटरकार बाहेक भूइँमा चल्ने अरू साधनहरू
क–१३–७ पानीमा चल्ने साधनहरू (डुङ्गा आदि)
क–१३–८ टायर, ट्यूव, फलेप्स एक्सोसिरीज र पार्टहरू (मोटरकारको समेत)

क–१४ रासायनिक पदार्थ र त्यसबाट उत्पादित बस्तुहरू
क–१४–१ अल्कोहल (रक्सीबाहेक)
क–१४–२ क्याम्फोर (कपूर)
क–१४–३ एसिडहरू
क–१४–४ सोडियम सिल्केट
क–१४–५ किरा मार्ने औषधिहरू
क–१४–६ निलो तुतो (Indigo)
क–१४–७ स्प्रिट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क–१४–८ तारपिनको तेल
क–१४–९ अन्य औद्योगिक तथा रासायनिक पदार्थहरू

क–१५ रंगाउने सारहरू र रंग रोगन र तत्सबन्धी बस्तुहरू
क–१५–१ रंगाउने सारहरू (Colour extracts)
क–१५–२ छाप्ने मसी
क–१५–३ रंग, बार्नेस, इनामेल, डाइज, कलर र ग्लास टिन्ट
क–१५–४ रंग रोगन
क–१५–५ अन्य

क–१६ औद्योगिक कच्चा वा प्रशोधित पदार्थहरू
क–१६–१ कपास, ऊन
क–१६–२ धागो–सुती, ऊन, रौं, रेशम, नाइलन अन्य
क–१६–३ चुरोट र बिडी उद्योगको निमित्त चाहिने कच्चा र तैयारी सुर्ती, कागज, पात
क–१६–४ कांचो र तैयारी छाला तथा कृत्रिम छाला
क–१६–५ रबर
क–१६–६ गुंद
क–१६–७ नरिवलको तेल, अन्य औद्योगिक तेल
क–१६–८ छाता बनाउने सामानहरू
क–१६–९ अन्य

क–१७ कृषिको निमित्त चाहिने सामाग्रीहरू
क–१७–१ मल, खाद
क–१७–२ किटाणु नाशक औषधिहरू
क–१७–३ बीउ बिजन
क–१७–४ उन्नत नश्लको जिबीत जनावर, हाँस, कुखुरा र माछा र तिनका बच्चा, चल्ला र भुर्राहरू
क–१७–५ जनावर, हाँस, कुखुरा र माछाको दाना
क–१७–६ अन्य

क–१८ सिमेण्ट

क–१९ पत्थर कोईला र कोक

क–२० खनिज पदार्थहरू

क–२१ क्रुड आयल

क–२२ पेट्रोलबाट उत्पादित बस्तुहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क–२२–१ मोटर र हवाई पेट्रोल
क–२२–२ मट्टितेल
क–२२–३ डिजेल ग्रायल
क–२२–४ पावरिङ ग्रायल
क–२२–५ लुब्रिकेटिङ्ग ग्रायल र ग्रिज
क–२२–६ फर्निस ग्रायल
क–२२–७ ग्रलकत्रा
क–२२–८ ग्रन्य

क–२३ ग्याँस सिलिण्डर
क–२४ कागज र कार्डबोर्ड सबै प्रकारका, ग्रभ्यास पुस्तिका समेत
क–२५ किताब, र छापा

क–२५–१ पुस्तक पुस्तिकाहरू
क–२५–२ ग्रखबार, म्यागजिन, पिरोडिकल्स

क–२६ ग्रौषधी र ग्रौषधी स्वास्थ्य उपचारमा चाहिने सामानहरू
क–२७ ग्रावश्यकीय उपभोग्य बस्तुहरू

क–२७–१ नून
क–२७–२ चिनी, मिश्री, मह, ग्लुकोज
क–२७–३ दूध (पाउडर र कण्डेन्स)
क–२७–४ बेबीफूड, ईनर्जीफूडहरू

क–२८ फिडिङ बोतल्स र निपल्स
क–२९ सञ्चार साधनहरू (टेलिफोन ग्रादि)
क–३० डीप फ्रिजर, वाक ईन फ्रिजर ग्राइस क्युवज मेकर
क–३१ कार्यालय यन्त्र र ग्रौजारहरू र तिनका पार्टपूर्जाहरू

क–३१–१ टाईप राइटर
क–३१–२ क्यालकुलेटिङ्ग मेशीन
क–३१–३ फोटो कपी मेशीन, डुप्लिकेटिङ्ग मेशीन
क–३१–४ ग्रन्य

क–३२ ग्रन्य (श्री ५ को सरकारले स्वीकृत दिएबमोजिम)

ख. ७० प्रतिशतसम्म मात्र पैठारी गर्न पाइने बस्तुहरू

ख–१ कपडा (सबै किसिमको)
ख–२ तैयारी लुगा र होजरी सामानहरू
ख–३ रबर, प्लाष्टिक र वाटर प्रूफ लुगाहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर–४ जुत्ता, बूट र चप्पल

ख–५ ओढ्ने, ओछ्याउने सामानहरू, गुण्टा बाँध्ने सामानहरू

ख–६ छाता, वर्षादि, वाटरप्रूफ बूट

ख–७ त्रिपाल र क्याम्पीङ इक्वीपमेण्ट

ख–८ नुहाउने र लुगाधुने साबुन, साबुनको झोल र धुलो

ख–९ टूथब्रुस, टूथपेष्ट, टूथपाउडर, जिब्री

ख–१० सबै किसिमको ब्रुस पालिस (क र ग वर्गमा किटान नगरिएको)

ख–११ रेजर, रेजर ब्लेड्स, सेभिङ्ग क्रिम, सेभिङ्ग साबुन

ख–१२ कारचोपी, फित्ता, टाँक बटन, जिपफस्नर

ख–१३ खाद्य पदार्थहरू (मखन, नौनी, कर्न फलेक्स, बिस्कूट, जाम, जेली अचार, सावदाना, प्रोभिजन फूड र फ्रूट्स, आदि)

ख–१४ ताजा फलफूलहरू (नरिवल, काजु, कागजी बदाम आदि)

ख–१५ सुख्खा फलफूलहरू (नरिवल, नरिवलको धुलो, दाख, किशमिस, पेस्ता, छोहदा, मुन्का, सुकुमेल आदि)

ख–१६ सुपारी, ल्वाङ

ख–१७ मसलाहरू (मरिज, हिंग, जाइपत्री, केसर, दालचिनी, जाइफल, जिरा आदि)

ख–१८ अमादक पेयपदार्थहरू

ख–१८–१ फलफूलको रस

ख–१८–२ चिया, कफी

ख–१८–३ अन्य

ख–१९ चकलेट, पिपलमेन्ट र मिठाइहरू ।

ख–२० पान, जर्दा

ख–२१ ब्याटरी (सबै किसिमको)

ख–२२ स्टेशनरी सामानहरू

ख–२२–१ कलम फाउन्टेनपेन, पेन होल्डर, बलप्वाईण्ट पेन, निब, मसी, रिफिल्स

ख–२२–२ पेन्सील, पेन्सील पेन, पेन्सील कटर, इरेजर

ख–२२–३ टाईपराईटर रिबन, कार्बोनपेपर, फोटो कपिङ्ग पेपर, टाईप-राईटर तेल

ख–२२–४ रूलर, ईन्स्ट्रूमेण्टबक्स

ख–२२–५ अन्य

ख–२३ अप्टीकल सामानहरू र तिनका पार्टहरू

३८४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख–२३–१ चस्मा, चस्माको ऐना, फ्रेम, गगल्स, चस्मा राख्ने र सफा गर्ने सामानहरू
ख–२३–२ वाइनाकुलर
ख–२३–३ अन्य

ख–२४ वाद्य यन्त्रहरू (Musical Instruments)

ख–२५ खेलकूदका सामानहरू

ख–२६ शृंगारका सामानहरू (वर्ग "ग" मा नपरेको)
ख–२६–१ टीका, सितारा, सल्मा, चुरा, पोते
ख–२६–२ रिवन, कपालमा लगाउने जाली, चुल्ठोमा बाँध्ने धागो, क्लीप, पिन
ख–२६–३ काँगियो, कपालको ब्रुस
ख–२६–४ नेलकटर, नेल ब्रुस
ख–२६–५ मुख हेर्ने ऐना

ख–२७ घरायसी सामानहरू
ख–२७–१ धातुबाट बनेका भाँडाहरू
ख–२७–२ पोर्सलीन र चिनिया माटोबाट बनेका भाँडाकुँडाहरू र कप प्लेट
ख–२७–३ काँचको भाँडाकुँडाहरू
ख–२७–४ चम्चा, काँटा, स्याङ्गी, छुरी, चक्कू
ख–२७–५ प्लास्टीकको घरायसी सरसामानहरू
ख–२७–६ बिजुलीको पंखा, स्टोभ, हिटर, ईस्त्री, हट प्लेट, फायन हिटर, इलेक्ट्रिक बेल, र पार्ट पूर्जाहरू
ख–२७–७ लालटेन, मैण्टल, पेट्रोमेक्स, टर्चलाईट तथा पार्टपूर्जाहरू
ख–२७–८ बिजुलीको चीम, टयूव, बिजुलीको फिटिङ्ग र फिक्सचर
ख–२७–९ मट्टीतेलको स्टोभ, दमचुली, प्रेसर कुकर, थर्मस र पार्टपूर्जाहरू
ख–२७–१० ट्रङ्क बाकस

ख–२८ बाथरूम र धाराका सामानहरू

ख–२९ अन्य (श्री ५ को सरकारले स्वीकृत दिएबमोजिम)

ग. वोनसको २० प्रतिशतसम्म मात्र पैठारी गर्न पाइने बस्तुहरूः–

ग–१ मदिरा (सबै किसिमको)

ग–२ धुम्रपानसम्बन्धी सामानहरू
ग–२–१ चुरोट र सिगार (उच्चकोटीको)

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

ग–२–२ पाइपको सुर्ती
ग–२–३ पाइप र पाइप सफा गर्ने सामानहरू
ग–२–४ सिगरेट होल्डर
ग–२–५ सिगरेट लाइटर र पार्टपुर्जाहरू
ग–२–६ सिगरेट लाइटर, ग्याँस

ग–३ श्रृङ्गारका सामानहरू
ग–३–१ पाउडर, फेस क्रीम, भ्यासलिन
ग–३–२ लिपस्टीक, कलरिङ्ग
ग–३–३ हेयर आयल, हेयर क्रीम, हेयर वेक्स, हेयर टनिक, शाम्पु
ग–३–४ हेयर स्प्रे, माउथ स्प्रे, एन्टिपर्सपेरेन्ट स्प्रे
ग–३–५ अत्तर, युडिकोलन, युडी टुवाइलेट, लोशन
ग–३–६ आइब्रो, आइलोशन, आइ स्योडो, लोशन्स, मस्करा, आइ लाइस
ग–३–७ नेलपालिस, नेलस
ग–३–८ सेभिङ्ग मेशीन, हेयर ड्रायर मेशीन र पार्टहरू
ग–३–९ बिफोर सेभ, आफ्टर सेभ लोशन
ग–३–१० अन्य (ख वर्गमा नपरेका)

ग–४ मोटरकार

ग–५ ध्वनीसम्बन्धी यन्त्रहरू र तिनका पार्टपूर्जाहरू
ग–५–१ रेडियो, रेडियो ग्राम, स्टेरियो, रेकर्ड प्लेयर, ग्रामोफोन
ग–५–२ क्यासेट अन्य रेकर्डर
ग–५–३ भरेको या नभरेको रेकर्ड, क्यासेट, टेप
ग–५–४ अन्य

ग–६ घडी र घडीका पार्टपूर्जाहरू (हाते बाएण्ड समेत)

ग–७ फोटोग्राफिक सामानहरू र तिनका पार्टपूर्जाहरू
ग–७–१ केमरा, सिनेमा प्रोजेक्टर, टेलिस्कोपिक लेन्स, लेन्स
ग–७–२ साधारण र कलर फिलिम, फोटोग्राफिक पेपर र तत्सम्बन्धी केमिकल्स, बल्ब, फिल्टर, फोटो एलबम
ग–७–३ अन्य (वर्ग क र ख मा नपरेका)

ग–८ एयर कन्डिसनर, रेफ्रिजीरेटर, वाटर कुलर, वासिंग मेशीन, डिस, वासर, भ्याकूम क्लिनर र तिनका पार्टपूर्जाहरू

ग–९ भान्छाका सरसामानहरू र तिनका पार्टपूर्जाहरू

३८६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग–९–१ कूकिंग रेन्ज

ग–९–२ मिक्चर, ब्लेन्दर, टोष्टर, लिक्वीफायर, केन अपनर, सार्पनर, जुसर, कफी मेकर, कफी–मिल, टि फिल्टर

ग–९–३ अन्य (वर्ग ख मा नपरेको)

ग–१० घर बनाउने र सिंगार्ने सामानहरू

ग–१०–१ टायल

ग–१०–२ फ्लोरिङ र फनिसिंग मेटेरियल्स

ग–१०–३ फर्निचरहरू

ग–११ यात्राका सर–सामानहरू

ग–११–१ सुटकेस, ब्रिफकेस, एटेचिकेस र सफरको व्याग

ग–११–२ हैण्ड व्याग, पर्स, मनी व्याग, लेडिज पर्स

ग–१२ गहनाहरू

ग–१२–१ आर्टिफिसियल ज्वेलरी, इमिटेशन ज्वेलरी

ग–१२–२ सेमिप्रिसियस स्टोन, सिन्थेटिक स्टोन

ग–१३ टाइपिन, कफलिंक, कमर पेटी, किचेन

ग–१४ खेलौनाहरू

ग–१५ मनोरञ्जनका सामानहरू

ग–१५–१ अपेरा ग्लास

ग–१५–२ खिचिएको फिल्म (अश्लिल बाहेक)

ग–१५–३ तास

ग–१६ बल बियरिंग (५ प्रतिशत), मेजरिंग र टेस्टिंग इक्यूपमेन्ट (५ प्रतिशत) डमर वतु (५ प्रतिशत), सिगरेट लाइटर पत्थर (५ प्रतिशत)

ग–१७ फिसिंग रिक्वीजिटस

ग–१८ अन्य (श्री ५ को सरकारले स्वीकृति दिएबमोजिम)

खण्ड २३ मिति २०३०।१०।८ संख्या ४०, खण्ड २४ मिति २०३१।७।१९ संख्या २९ र खण्ड २४ मिति २०३१।१०।१६ अतिरिक्तांक ४३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस सम्बन्धी यस मन्त्रालयको सूचनाहरू खारेज गरेको छ।

आज्ञाले–

पी. बी. विष्ट

श्री ५ को सरकारको का. मु. सचिव

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

मिति २०३२।८।२६ को नेपाल राजपत्र भाग ३ अतिरिक्ताङ्क ४२ (क) मा प्रकाशित अञ्चल एवं जिल्लाहरूको सिमानासम्बन्धी यस मन्त्रालयको सूचनामा देहाय-बमोजिम भूलसुधार गरिएको छ ।

(१) तेह्रथुम जिल्लाबाट ताप्लेजुङ्ग जिल्लामा समावेश भएको नं. ५ को "अम्फुवा" गा. पं. को सट्टा नं. ५ "फाकुम्वा" गरी सच्याइएको छ ।

(२) सोलुखुम्बू जिल्लाबाट खोटाङ्ग जिल्लामा गाभिएको गा. पं. नं. १४ को "सल्लेरी" को सट्टा नं. १४ "सल्ले" गरी सच्याइएको छ ।

(३) सल्यानबाट दाङ जिल्लामा गाभिन गएको गा. पं. नं. १ को "नौसय सैधा" को सट्टा नं. १ "नौ सय सेघा" नं. २ को "स्यूधा" को सट्टा नं. २ "सिउजा" र नं. ५ को "हाँसीकोट" को सट्टा नं. ५ "हासीपुर" गरी सच्याइएको छ ।

(४) रामेछाप जिल्लाको गुम्देल गा. पं. को सम्पूर्ण भाग सोलुखुम्बू जिल्लामा गाभिएकोमा त्यसो नगरी सो पञ्चायतको लगभग माझैबाट उत्तर दक्षिण बग्ने लिखुखोलालाई रामेछाप र सोलुखुम्बू जिल्लाको सिमाना कायम गरिएको छ ।

(५) ओखलढुङ्गा र सोलुखुम्बू जिल्लाको अन्तरे खानी र केरूङ्ग गा. पं. भेगको पानी-ढलो दुबै जिल्लाको सिमाना कायम गरिएको छ ।

गृह पञ्चायत मन्त्रालय

## भूलसुधार

खण्ड २६ अतिरिक्ताङ्क ६+(ख) मिति २०३३।३।३१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनामा वन विभाग अन्तरगत (पेज १०६) क्र. सं. ६४ को पद संकेत व। व। वि। ०७।६४ कंचनपुर (उल्टाखाम) को वन संरक्षण अधिकृत, वन सेवा, तृतीय श्रेणी जनरल फरेष्ट्री समूहको पदमा भूलबाट पदाधिकारीको नाम खाली हुन गएकोले उक्त पदमा श्री माधवबहादुर थापाको नाम प्रकाशित गरिएको छ ।

वन मन्त्रालय

## भूलसुधार

मिति २०३३।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जल तथा विद्युत् मन्त्रालयको सूचनाको परिभाषाको दोस्रो हरफमा उल्लिखित विद्युत् केन्द्रबाट पछि "एक" हुनु पर्नेमा सो छुट् हुन गएकोले भूलसुधार गरिएको छ ।

जल तथा विद्युत् मन्त्रालय

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।